# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

☎ ०११-१४१२११२, ०११-१४१२११३, ०११-१४१२११४


पत्र संख्याः २०८१/०८२
चलानी नं:

मितिः २०८१/१०/३०
ने. स. ११४५ सिल्लाथ्व

## दुग्ध उत्पादनमा आधारित अनुदान वितरणका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/३०)

वागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकस मन्त्रालयको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मण्डनदेउपुर नगरपालिकाबाट सञ्चालन हुने उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनका लागि वागमती प्रदेश सरकारद्वारा स्वीकृत दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८० बमोजिम मापदण्ड पुरा गरेका र यस कार्यक्रममा सहभागी हुन इच्छुक दुग्ध उत्पादक सहकारी संस्था/दुध संकलन केन्द्र/दुध संकलन गरिरहेका बहुउद्देश्यीय सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन सम्ममा कार्यालय समय भित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजातहरु संलग्न राखी मण्डनदेउपुर नगरपालिकाको पशुपन्छी विकास शाखामा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लगि यो सूचना प्रकाशन गरिएको छ। आवश्यक कागजात मण्डनदेउपुर नगरपालिकाको वेवसाइट **www.mandandeupur mun.gov.np** मार्फत प्राप्त गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै पनि कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

१. सहकारी दर्ता र पान दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

२. गत आ.व.को लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

३. नगरपालिका कार्यालयमा सुचिकृत तथा नविकरण भएको दुग्ध उत्पादक सहकारी संस्था तथा दुध संकलन केन्द्रको प्रमाणपत्रको प्रतिलिपी ।

४. वार्षिक साधारण सभाको प्रमाणित प्रतिलिपी ।

५. वार्षिक दुध बिक्रीको परिमाण खुल्ने कृषकहरुको प्रमाणित नामावली ।

६. दुग्ध उत्पादक सहकारी संघको वार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफरिस पत्र।

७. सम्बन्धित वडा कार्यालयको वार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफरिस पत्र ।

८. सम्बन्धित कार्यबिधि बमोजिमको प्रस्ताव र स्वघोषणा पत्र ।

.....................

प्रमुख प्रशासकीय अधिकृत

# दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८०

स्वीकृत मिति: २०८०/०८/०३

प्रस्तावनाः दुध उत्पादनमा संलग्न कृषकहरुमा दुधको उत्पादन तथा उत्पादकत्व बढाई बागमती प्रदेशलाई दुधमा आत्मनिर्भर बनाउने उदेश्यले उत्पादनमा आधारित प्रोत्साहन वितरण कार्यक्रमलाई बागमती प्रदेशको सबै जिल्लामा संचालन गर्न विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्नेछ ।

(ख) "दुग्ध उत्पादक सहकारी संस्था" भन्नाले दुध सङ्कलन, प्रशोधन र वितरण गर्ने सहकारी संस्था सम्झनु पर्दछ । साथै दुध सङ्कलन, प्रशोधन र वितरण कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी, साना किसान सहकारी र कृषि सहकारी संस्थालाई समेत सम्झनु पर्छ।

(ग) "जिल्ला दुग्ध उत्पादक सहकारी संघ" भन्नाले दुध सङ्कलन, प्रशोधन र वितरण गर्ने सहकारी संस्थाहरुको जिल्ला स्तरिय संगठन सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(छ) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ज) "विषय विज्ञ" भन्नाले दुध दिने पशु सम्बन्धी ज्ञान भएको भनि आवश्यक पर्दा निर्देशनालयले आमन्त्रण गरी मूल्याङ्कन सामिति र कार्यक्रम स्वीकृत तथा अनुगमन समितिसँग सम्बन्धित काम लिन सक्ने सरकारी वा गैह्रसरकारी सरोकारवाला प्राविधिक कर्मचारी वा वैज्ञानिक ब्यक्तित्व सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ ।

(ञ) "प्रस्तावक" भन्नाले यस कार्यविधि अनुसार कार्यक्रममा प्रस्ताव पेश गर्न योग्य दुग्ध उत्पादक सहकारी संस्था सम्झनु पर्छ।

(ट) "साझेदार संस्था" भन्नाले कार्यक्रम कार्यान्वयनको लागि अन्तिम छनौटमा परेका दुग्ध उत्पादक सहकारी संस्था सम्झनु पर्छ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रोत्साहन वितरण नीतिलाई प्रकृयामूखीबाट परिणाममूखीतर्फ लैजाने ।

(ख) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।

(ग) प्रोत्साहन रकमको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

(घ) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने ।

(ङ) मन्त्रालयको प्रतिवद्धता अनुरुप दुधमा आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

## परिच्छेद-२
## संस्थागत व्यवस्था

४. मूल्याङ्कन समितिः (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न निर्देशनालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने ।

५. अनुगमन तथा मूल्याङ्कनः यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, दफा ४ बमोजिमको समिति र कार्यालयले आवशकताका अनुसार गर्न सक्ने छन् ।यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम संचालन प्रकृया

६. प्रस्ताव आह्वानः दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध संकलन केन्द्रहरुबाट प्रस्ताव पेश गर्न तीस दिने म्याद दिई राष्ट्रिय पत्रिकामा निर्देशनालयले अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

७. प्रस्ताव दर्ताः दफा ६ बमोजिमको समय अवधि भित्र प्रस्तावकले अनुसूची-२ बमोजिम दिएको आवेदन-पत्र साथ सम्बन्धित जिल्ला दुग्ध उत्पादक सहकारी संघ, सम्बन्धित स्थानीय तह र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दिएको सिफारिस-पत्र संलग्न गरी निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन दर्ता गर्नु पर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

८. <u>प्रस्ताव संकलनः</u> आवेदन दर्ता गर्ने समय/अवधि समाप्त भएपछि निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दर्ता भएका आवेदनहरु संकलन गरी निर्देशनालयमा पठाउनु पर्नेछ ।

९. <u>प्रस्तावको मूल्याङ्कनः</u> दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची -३ बमोजिम मूल्याङ्कन फाराम अनुसार प्रस्तावहरु मूल्याङ्कन गरी प्रस्तावकले प्राप्त गरेको प्राप्ताङ्कलाई कम्पाईल गरी निर्देशनालयमा स्वीकृतार्थ सिफारिस गर्नेछ ।

१०. <u>प्रस्तावको जानकारीः</u> स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे लिखित गुनासो दर्ता गराउन सम्बन्धित प्रस्तावकलाई सात दिनको समय सीमा राखी सूचना प्रकाशन गरिनेछ ।

११. <u>सम्झौताः</u> (१) छनौट भएका साझेदार संस्थासँग तहाँ संस्थामा नियमित रुपमा दुध बिक्री गरिरहेका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई प्रोत्साहनमा सहभागी गराउन सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई निर्देशनालयले जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने साझेदार संस्थासँग निर्देशनालयले अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआउने प्रस्तावक स्वतः छनौट रद्द भएको मानी दोश्रो प्राथमिकता प्राप्त प्रस्तावकलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ६ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा उपदफा (३) बमोजिमको समयभित्र सम्झौता गर्न नआएको र दोश्रो प्राथमिकता प्राप्त साझेदारको संख्या समेत नरहेको अवस्था पर्न आए निर्देशनालयले पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(५) प्राप्त प्रोत्साहन रकम सम्बन्धित कृषकलाई नदिई दुरुपयोग गरेको पाइएमा प्रदेश सरकारबाट प्राप्त प्रोत्साहन रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ ।

## परिच्छेद-४
## <u>आर्थिक पक्ष</u>

१२. यस कार्यक्रममा बागमती प्रदेशका तेह्रै वटा जिल्लाबाट छनौट गरिएका साझेदार संस्थाहरुमा दुध विक्री गर्ने पशुपालक कृषकहरुलाई गत आर्थिक बर्षको बार्षिक दुध विक्रीको परिमाणको आधारमा प्रोत्साहन रकम वितरण गरिने छ ।

१३. प्रोत्साहन रकम सम्बन्धित साझेदार संस्थाको बैंक खातामा पठाइने छ र उक्त संस्थाले दुध विक्री गर्ने कृषकहरुलाई निजहरुको बैंक खाता मार्फत प्रोत्साहन रकम उपलब्ध गराउने छ।

१४. विनियोजित बजेटको अधीनमा रही प्रोत्साहन रकम प्रति लिटर बढीमा रु. पाँचको दरले उपलब्ध गराईने छ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१५. तत् पश्चात कार्यक्रमको प्रभावकारिताका आधारमा आवश्यकता अनुसार कार्यक्रमलाई निरन्तरता दिन सकिने छ ।

१६. यस कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोवार सम्वन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

## परिच्छेद-५
## मापदण्ड

१७. <u>मापदण्डका आधारहरुः</u> (१) दुग्ध उत्पादक सहकारी संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

(क) प्रस्तावक संस्थाले मासिक कम्तीमा १५०० लिटर दुध संकलन गर्ने गरेको हुनु पर्नेछ ।

(ख) प्रस्तावक संस्थाले सूचना प्रकाशन भएको मितिमा सम्बन्धित निकायमा दर्ता भएको एक वर्ष पूरा भई वार्षिक कम्तीमा २०० दिनसम्म दुधको कारोवार गर्ने गरेको हुनु पर्नेछ ।

(ग) नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ ।

(घ) स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

(ङ) अघिल्लो आ.व को कर चुक्ता गरेको हुनु पर्नेछ।

(च) प्रस्तावकले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ।

(छ) प्रस्तावकले संस्थागत रुपमा दुध खरिद र विक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(ज) विगतका वर्षहरुमा कुनै किसिमको कारवाहीमा नपरेको र अन्य कुनै निकायहरुबाट समान प्रकृतिको प्रोत्साहन रकम नलिएको भनी अनुसूची-४ बमोजिमको स्वघोषणा गर्नु पर्नेछ ।

(झ) अहिलेसम्म सेवा सुविधा प्राप्त नगरेका प्रस्तावक संस्थालाई बढी ग्राह्यता दिईने छ।

(ञ) प्रस्तावकका सदस्य मध्ये जुनमा महिला, दलित तथा विपन्न वर्गको संख्या बढी छ, ती सहकारी संस्थालाई प्राथमिकता प्रदान गरिने छ ।

## परिच्छेद -६
## विविध

१८. <u>प्रगति पठाउने प्रकृयाः</u> (१) प्रोत्साहन प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले निर्देशनालयमा पठाउनु पर्नेछ।

१९. <u>दोहोरोपना नहुनेः</u> यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

कार्यान्वयन गर्नुपर्नेछ । गत आर्थिक वर्षमा सोही प्रकृतिको प्रोत्साहन प्राप्त गर्ने साझेदार संस्थालाई प्रकृयामा समावेश गराइने छैन ।

२०. <u>कारबाहीको व्यवस्था:</u> यस कार्यक्रम अन्तर्गत प्रोत्साहन रकम प्राप्त गर्ने साझेदार संस्थाले सोही आर्थिक वर्षमा अन्य सरकारी निकायबाट समान प्रकृतिको प्रोत्साहन प्राप्त गरेको पाइएमा सरकारी बाँकी बक्यौता सरह असुलउपर गरिनेछ।

२१. <u>संशोधन</u> : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

२२. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसुची -१

(दफा ६ सँग सम्बन्धित)

<u>दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध संकलन केन्द्रका लागि प्रस्ताव आब्हानको ढाँचा</u>

प्रकाशित मितिः .....................

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय आ.व. ......... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा दफा १७ बमोजिम मापदण्ड पूरा गरेका यस कार्यक्रममा सहभागी हुन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाले यो सूचना अनुसार तीस दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तपशिलको अनुसारका कागजातहरु संलग्न राखी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा वा सम्बन्धित कार्यालय(भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र)मा कार्यालय समयभित्र अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दर्ता आवेदन दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिलः

१) सहकारी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
२) गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज
३) वार्षिक साधारण सभाको प्रमाण प्रतिलिपि,
४) बार्षिक दुध विक्रीको परिमाण खुल्ने कृषकहरुको प्रमाणित नामावली,
५) सम्बन्धित जिल्ला दुग्ध उत्पादक सहकारी संघ (गठन भएको हकमा) बार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस-पत्र,
६) सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा बार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस-पत्र,
७) सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दिएको बार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस-पत्र

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

## अनुसुची -२

(दफा ७ सँग सम्बन्धित)

### दुग्ध उत्पादक सहकारी संस्था/दुग्ध संकलन केन्द्रले दिने आवेदन-पत्रको ढाँचा

मितिः..............

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा मिति.......................... मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड/ दुग्ध संकलन केन्द्र को दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं ।

तपसिलः

(१) कूल सदस्य संख्याः

(२) कुल सदस्य मध्ये दुध उत्पादक सदस्य संख्याः

(३) गत वर्ष कूल दुध संकलन लि.(औषत दैनिक ..... लि. मासिक ..... लि. र वार्षिक... लि.)

(४) गत वर्ष दुध कारोवार गरेको दिन अंकमा.................. अक्षरमा ............................

(५) गत वर्ष कूल अधिकतम दुध संकलन ................ महिना, ................ लि.

(६) गत वर्ष कूल न्यूनतम दुध संकलन ................महिना, ...................लि.

(७) संस्थाबाट संकलित दुध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदीको नाम र ठेगानाः

(क) ..................................................................

(ख) ..................................................................

(ग) ..................................................................

(घ) ..................................................................

(ङ) ..................................................................

(८) दुध बिक्री गरेको कागजात तथा कृषकबाट खरिद, भुक्तानी गरेको भर्पाइ(संलग्न गर्नुपर्ने)

(९) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)

(१०) जम्मा संकलन केन्द्र संख्याः-

| क्र.स. | संकलन केन्द्रको नाम र ठेगाना | वार्षिक दुध संकलन परिमाण (लि.) |
|---|---|---|
| १ | | |
| २. | | |
| जम्मा | | |

(११) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः-

(१२) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राखी/जानकारी दिने गरेको/नगरेकोः-

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(१३) मिल्क एनालाईजरको प्रयोग भएको/नभएको:-

(१४) भेटेरिनरी अष्पताल तथा पशु सेवा विज्ञ केन्द्र /स्थानीय तहको सिफारिश (संलग्न हुनुपर्ने)

(१५) दुध विविधिकरण र बिक्री वितरण गरेको/नगरेको:-

गरेको भए:-

(क) कुन कुन पदार्थ बनाउने गरिन्छ ..........................

(ख) दैनिक औषत परिमाण......................

(ग) बिक्री गर्ने बजार/स्थल ..............................................

(१६) सहकारी/ दुग्ध संकलन केन्द्र दर्ता प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)

(१७) कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषणा (संलग्न गर्नुपर्ने)

(१८) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड( संलग्न गर्नुपर्ने)

(१९) कर चुत्ता प्रमाण पत्र (प्रतिलिपि संलग्न गर्नुपर्ने)

(२०) दुध बिक्रेता सदस्यको बित्तिय/सहकारी संस्थामा रहेको खाताको विवरण:

| क्र. सं. | नाम/थर | ठेगाना | बित्तिय/सहकारी संस्थाको नाम/ ठेगाना | खाता नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदक:

पदाधिकारीको नाम/थर:

पद:

दस्तखत:

मिति:

सम्पर्क नम्बर:

सहकारी संस्था/ कृषक समूहको नाम र ठेगाना:

संस्थाको छाप:

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -३

(दफा ९ सँग सम्बन्धित)

<u>कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाइने मूल्यांकनका आधारहरु</u>

| क्र. सं. | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाईजर को प्रयोग (२०) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२५) | दैनिक दुध संकलन परिमाण लिटर (२५) | हालसम्म सेवा प्राप्त नगरेको भूगोल र समुदाय (१०) | अभिलेख व्यवस्थापन (२०) | कुल प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(१) पचास जनासम्म सदस्य संख्या हुने संस्थालाई विस र पचास भन्दा बढी सदस्य संख्या हुने सहकारी संस्थालाई पच्चिस अंक दिनु पर्नेछ ।

(२) दैनिक पचास देखि एक सय लिटर सम्म दुध संकलन गर्ने संस्थालाई विस अंक र एक सय लिटर भन्दा बढि दुध संकलन गर्ने संस्थालाई पच्चीस अंक दिनु पर्नेछ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश सरकार हेटौंडा, नेपाल

अनुसुची -४
(दफा १७ (ज) सँग सम्बन्धित)

## दुग्ध उत्पादक सहकारी संस्थाले दिने स्वघोषणा पत्रको ढाँचा

मितिः.............

श्रीमान निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा ।

विषयः स्वघोषणा सम्बन्धमा।

प्रस्तुत विषयमा मिति.......................... मा प्रकाशित सूचना अनुसार यस ......................................................................................संस्थाले दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेकोमा यस संस्थाले अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको प्रोत्साहन/अनुदान नलिएको स्वघोषणा गर्दछु/गर्दछौं। यदि यस संस्थाले पेश गरेको विवरण तथा कागजातहरु झूठो ठहरिएमा नियम/कानुन बमोजिमको सहुँला/बुझाउँला।

आवेदकः
नाम थरः
हस्ताक्षरः
सम्पर्क नम्बरः
मितिः
संस्थाः
ठेगानाः
संस्थाको छापः

औंठाछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -५

(दफा ११को उपदफा (२) सँग सम्बन्धित)

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र दुग्ध उत्पादक सहकारी संस्था/दुग्ध संकलन केन्द्र बीच हुने सम्झौताको ढाँचा**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय................(यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक सहकारी संस्था/ दुग्ध संकलन केन्द्र................(यसपछि दोश्रो पक्ष भनिने) बीच दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ।

तपसिलः

(१) स्वीकृत भएको परिमाण लिटर............अनुसार प्रति लिटर रु. .........का दरले रु................(अक्षेरुपी.................) अनुदान रकम दोश्रो पक्षलाई प्रथम पक्षले बैंक खातामा जम्मा गरी दिनेछ ।

(२) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरि रहेको अवस्थाको अखाद्य दुध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने,तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ।

(३) दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थान सम्म सफा, स्वस्थ्य र गुणस्तर युक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ।

(४) दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ।

(५) दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एक तर्फि रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

(६) यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) दोश्रो पक्षले पेश गरेका विवरणहरु वास्तविक/सत्य हुनुपर्नेछ । यस साझेदार संस्थाले पेश गरेको विवरण, प्राप्त गरेको अनुदान रकम सम्बन्धित निकायबाट जांच हुँदा यदि झुट्टा ठहरिएमा दोश्रो पक्षका संचालक समितिका पदाधिकारीहरुबाट प्रचलित कानून बमोजिम असुल उपर गरि मुलुकी अपराध संहिता, २०७४ बमोजिम ठगीमा कारबाही गर्न प्रथम पक्षले सिफारिस गर्न सक्नेछ ।

| <u>दोश्रो पक्षः</u> | <u>प्रथम पक्षः</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थः | कार्यालयः |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

रोहवरः
दस्तखतः
नामः
पदः
संस्थाः

रोहवरः
दस्तखतः
नामः
पदः
कार्यालयः

इति सम्बत्.................साल ........... महिना ..........गते रोज ....... शुभम् ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal

## अनुसुची -२
### (दफा ७ सँग सम्बन्धित)
### दुग्ध उत्पादक सहकारी संस्था/दुग्ध संकलन केन्द्रले दिने आवेदन पत्रः

श्रीमान कार्यालय प्रमुख ज्यू , मितिः..................
मण्डनदेउपुर नगरपालिका कार्यालय, काभ्रे

**विषय : कार्यक्रममा सहभागी हुन पाउँ ।**

प्रस्तुत विषयमा मिति......................... मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड/दुग्ध संकलन केन्द्रको दुग्ध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहाना भएकोले सो प्रयोजनको लागि तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं ।

**तपसिलः**
१.कूल सदस्य संख्याः
२.कूल सदस्य मध्ये दुध उत्पादक सदस्य संख्याः
३. गत वर्ष कूल दुध संकलन लि.(औषत दैनिक ........लि. मासिक .........लि. वार्षिक ..........लि.)
४. गत वर्ष दुध कारोवार गरेको दिनः अंकमा ............... अक्षरमा ............................
५. गत वर्ष कुल अधिकतम दुध संकलन ............... महिना, ......................... लि.
६. गत वर्ष कुल न्यूनतम दुध संकलन ............... महिना, ......................... लि.
७. संस्थाबाट संकलित दुध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः
(क) ..............................................................
(ख) ..............................................................
(ग) ..............................................................
८. दुध बिक्री गरेको कागजात तथा कृषकबाट खरिद, भुक्तानी गरेको भर्पाइ (संलग्न गर्नुपर्ने)
९. वार्षिक साधारण सभा भएको प्रमाण प्रतिलिपि (संलग्न गर्नुपर्ने)
१०. जम्मा संकलन केन्द्र संख्याः

| क.स. | संकलन केन्द्रको नाम र ठेगाना | वर्षिक दुध संकलन परिमाण (लि.) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

११. रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः
१२. दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राखी/जानकारी दिन गरेको/नगरेकोः

१३. मिल्क एनलाइजरको प्रयोग भएको/नभएको:
१४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (संलग्न हुनुपर्ने

१५. दुध विविधिकरण र बिक्री वितरण गरेको/नगरेको:
(क) कुन कुन पदार्थ बनाउने गरिन्छ ..................................................
(ख) दैनिक औषत परिमाण ............................................
(ग) बिक्री गर्ने बजार स्थल ...........................................
१६. सहकारी/दुग्ध संकलन केन्द्र दर्ता प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)
१७. कुनै प्रकारको कार्वाहीमा नपरेको स्वघोषणा (संलग्न गर्नुपर्ने)
१८. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड (संलग्न गर्नुपर्ने)
१९. कर चुक्ता प्रमाण पत्र (प्रतिलिपि संलग्न गर्नुपर्ने)
२०. दुध बिक्रेता सदस्यको बित्तिय/सहकारी संस्थामा रहेको खाताको विवरण:

| क. स. | नम/थर | ठेगाना | बित्तिय/सहकारी संस्थाको नाम/ठेगाना | खता नंम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आवेदक**

पदाधिकारीको नाम थर :-

पद :-

दस्तखत :-

मिति :-

सम्पर्क नं. :-

सहकारी संस्थाको नाम र ठेगाना :-

संस्थाको छाप :-

**अनुसूची — ४**

**दफा १७ (ज) सँग सम्बन्धित)**

**दुग्ध उत्पादक सहकारी संस्थाले दिने स्वघोषणा पत्र**

मितिः ....................

श्रीमान प्रमुख प्रशाशकीय अधिकृत ज्यू
मण्डनदेउपुर नगरपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक

**विषयः स्वघोषणा सम्बन्धमा।**

प्रस्तुत विषयमा मिति ............................ मा प्रकाशित सूचना अनुसार यस ...................... ........................................................................ संस्थाले दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेकोमा यस संस्थाले अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको प्रोत्साहन/अनुदान नलिएको स्वघोषणा गर्दछु/गर्दछौं । यदि यस संस्थाले पेश गरेको विवरण तथा कागजातहरु झुठो ठहरिएमा नियम/कानुन बमोजिम सँहुँला/बुझाउँला ।

दाँया बाँया

आवेदकः

नाम थरः

हस्ताक्षरः

संस्थाको नामः

ठेगानाः

मितिः

सम्पर्क नंम्बरः

संस्थाको छापः

**परिच्छेद ५**

**मापदण्ड**

**उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रमका मापदण्डहरुः**

मापदण्डका आधारहरुः

(१) दुग्ध उत्पादक सहकरी संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः

(२) (क) प्रस्तावक संस्थाले मासिक कम्तिमा १५०० लिटर दुध संकलन गर्ने गरेको हुनु पर्नेछ।

(ख) प्रस्तावक संस्थाले सूचना प्रकाशन भएको मितिमा सम्बन्धित निकायमा दर्ता भएको एक वर्ष पुरा भइ वार्षिक कम्तिमा २०० दिनसम्म दुधको कारोवार गरेको हुनु पर्नेछ।

(ग) नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गरेको हुनु पर्नेछ।

(घ) स्थायी लेखा नंम्बर प्राप्त गरेको हुनु पर्नेछ।

(ङ) अघिल्लो आ.व.को कर चुक्ता गरेको हुनु पर्नेछ।

(च) प्रस्तावकले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ।

(छ) प्रस्तावकले संस्थागत रुपमा दुध खरिद र बिक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(ज) विगतका वर्षहरुमा कुनै किसिमको कारवाहीमा नपरेको र अन्य कुनै निकायहरुबाट समान प्रकृतिको प्रोत्साहन रकम नलिएको भनि अनुसूची -४ बमोजिमको स्वघोषणा गर्नु पर्नेछ ।

(झ) अहिलेसम्म सेवा सुविधा प्राप्त नगरेका प्रस्तावक संस्थालाई बढि ग्राह्यिता दिइने छ ।

(ञ) प्रस्तावकका सदस्य मध्ये जुनमा महिला, दलित तथा विपन्न वर्गको संख्या बढि छ, ती सहकारी संस्थालाई प्राथमिकता प्रदान गरिने छ ।